CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१११

पू
र्णा
ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धैरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

२८ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ७५।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. नेपालमा कहिले कहिले भैँचालो गयो भन्ने विषयमा पत्रपत्रिकाले गरेका अशुद्धि देख्दा - महेशराज पन्त १-७

२. ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ग्रहण लागेको दिनका ११ वटा दत्तपत्र - महेशराज पन्त ८- २९

३. नेवारराज्यमा ब्राह्मण – थप १० वटा लिखतपत्र - महेशराज पन्त ३०-४२

४. दुर्गानाथी देव गिरिले राखेको शिलापत्र - महेशराज पन्त ४३-५८

५. जगज्जय मल्लले अपुताली भित्र्याएको कुरा पनि भएको, अहिलेसम्म प्रकाशमा नआएको एउटा अर्को पत्र - महेशराज पन्त ५९-६०

६. रणजित् मल्लले घर बिक्री गरी ताडपत्रमा लेखिदिएको, अहिलेसम्म प्रकाशमा नआएको एउटा फार्छपत्र - महेशराज पन्त ६०-६१

७. लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची - महेशराज पन्त ६१-६२

बिक्रीमा भएका, संशोधन-मण्डलले बेच्ने गरेका हाम्रा कृति

१. इतिहास-संशोधन (१-६८ सङ्ख्या)* ३५०।-
२. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या (१-२ सङ्ख्या)* ३०।-
३. व्याकरण-संशोधन (१- १० सङ्ख्या)* ३५।-
४. पञ्चाङ्ग-संशोधन (१-१७ सङ्ख्या) ३०।-
५. सावधान-पत्र (१-३१ सङ्ख्या)* १००।-
६. इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ ५।-
७. विद्या-रक्षा (१-१५ सङ्ख्या) ५०।-
८. अभिलेख-सङ्ग्रह (१-१२ भाग)* २००।-
९. पूर्णिमा (१-१११ पूर्णाङ्क)* ३३४८।-
१०. रत्नदीप २।५०
११. वृत्तशतक ३।-
१२. श्री ३ महाराज पद्मशमशेरका कुरा १२।-
१३. नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य ५।-
१४. इनेप्ट् स्पेसइमिन् ? २०।-
१५. गोरखाको इतिहास (१-४ भाग) ५००।-
१६. ह्वट् डिड् अंशुवर्मन् राइट् ? ४०।-
१७. पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा ८०।-
१८. आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या) ५५०।-

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालमा कहिले कहिले भैँचालो गयो भन्ने विषयमा पत्रपत्रिकाले गरेका अशुद्धि देख्दा

– महेशराज पन्त

वि.सं. १९९० माघ २ गते गएको ठूलो भैँचालोबाट जनधनको निकै खति भएकोले भैँचालो जाँदा त्यस्तो खति फेरि नहोओस् भन्ने इच्छा जान्नेबुझ्नेले राख्नु स्वाभाविक हो। यसैले ६ वर्षयतादेखि हरेक साल माघ २ गतेको दिन भूकम्पसुरक्षादिवस मानी भैँचालोबाट कमसेकम खति बेहोर्न के कसो गर्नुपर्छ भन्ने कुरा जनसाधारणलाई सिकाउने काम भइरहेछ। पहिले पहिले ठूलठूला भैँचाला कहिले कहिले गएका थिए भन्ने विषयमा पनि यसै प्रसङ्गमा पत्रपत्रिकामा लेखिन थालिएका छन्। यस पालाका, माघ २ गतेको अगाडिपछाडिका पत्रपत्रिकामा पनि त्यस्ता भैँचालाको विषयमा चर्चा गरिएका छन्।

नेपालमा कहिले कहिले भैँचालो गयो भन्ने विषयमा सबभन्दा पहिले ब्रह्मसंशेर जङ्गबहादूर राणाले वि.सं. १९९१ मा लेखेका हुन्। उनले वि.सं. १९९० भन्दा पहिले गएका यस्ता ८ वटा भैँचालाको बयान गरेका छन्।[1] त्यसै प्रसङ्गमा संवत् १८६६ (ने.सं. ९३०) मा दशहराको दिन[2] गएको एउटा भैँचालोको बयान पनि त्यसमा परेको छ। वि.सं. १८६६ दशहरामा ने.सं. ९३० नभई ९२९ र ने.सं. ९३० दशहरामा वि.सं. १८६६ नभई वि.सं. १८६७ हुने भएकोले यस भैँचालोको मितिमै शङ्का उठ्न[3] गइरहेको थियो। संस्कृत र नेपालीमा लेखिएको, एउटा तात्कालिक वर्णनबाट र वि.सं. १८६५ को एउटा पात्रोमा टिपिएको टिपोटबाट वि.सं. १८६५ वा ने.सं. ९२८ को ज्येष्ठशुक्लदशमी अर्थात् दशहराको दिन भैँचालो गएको देखिएकोले ब्रह्मसंशेरले गरेको त्यो गल्ती सच्याउन मैले एउटा लेख वि.सं. २०५५ मा सप्रमाण प्रकाश गरेको थिएँ।[4] ब्रह्मसंशेरले थाहा नपाएका २ वटा भैँचाला र उनले

---

१. वि.सं. १९९१ मा काठमाडौँबाट ब्रह्मसंशेर जङ्गबहादूर राणाद्वारा प्रकाशित, उनैको *नेपालको महाभूकम्प (१९९० साल)*का १८२-१९० पृष्ठ। वि.सं. १९९० भन्दा अगाडि गएका ११ वटा भैँचालाको बयान यस पुस्तकमा परेको छ। तिनमा वि.सं. १८९१ मा आषाढशुक्लपञ्चमीदेखि आश्विनकृष्णद्वादशीभित्र गएका ४ वटा भैँचाला पनि परेका छन्। यहाँ मैले तिनलाई भिन्नाभिन्नै नगनी एउटै मानेको छु।

२. उही पुस्तकको १८४ पृष्ठ।

३. वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ५१-५३ पृष्ठमा छापिएको महेशराज पन्तको *वि.सं. १८६५ मा गएको भैँचालोको विषयमा* भन्ने निबन्ध, त्यस पूर्णाङ्कको ५२ पृष्ठ।

४. सोही निबन्ध।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चर्चा भने गरेका, तर माथि भरखर लेखे जस्तै साल भने बिगारी दिएको अर्को एउटा भैँचालो र भरखरै माथि चर्चा गरिएको, वि.सं. १८६५ को भैँचालोको विषयसमेत हाली वि.सं. २०५८ मा मैले एउटा लामै लेख प्रमाण दिई प्रकाश गरेँ ।[५] यस पालाका पत्रपत्रिका हेर्दा मेरो खोजीको उपयोग अझै नभएको देखेर र पुरानै अशुद्ध कुरा दोहरिएको देखेर भ्रम हटाउन यो लेख कोरिएको छ ।

हुनत यस पाला अरू धेरै पत्रपत्रिकामा कहिले कहिले नेपालमा भैँचालो गएको थियो भन्ने विषयमा लेखिएका थिए होलान्, मेरो आँखामा भने ८ वटा पत्रपत्रिका परे । तिनको नाम अकारादिक्रमबमोजिम यस प्रकारको छ –

१. *अन्नपूर्ण पोष्ट* (दैनिक) २. *नेपाल समाचारपत्र* (दैनिक) ३. *नेपाली टाइम्ज* (साप्ताहिक)
४. *मजदुर* (दैनिक) ५. *महानगर* (दैनिक) ६. *मूलधार* (मासिक)
७. *स्पेसटाइम* (दैनिक) ८. *हिमाल* (पाक्षिक)

नेपालमा सन् १२२५ देखि अहिलेसम्म छ रेक्टरभन्दा ठूला ६५ वटाभन्दा बढी भूकम्प गइसकेका छन् भनी *अन्नपूर्ण पोष्ट*मा लेखिएको रहेछ ।[६] ६ रेक्टरभन्दा ठूला कतिवटा भैँचाला अहिलेसम्म गए भन्ने विषयमा त अहिले म भन्न सक्तिनँ, तर सन् १२२५ मा भैँचालो गयो भन्ने कुराको प्रमाण अहिलेसम्म भेटिएको छैन । अहिलेसम्म थाहा भएअनुसार नेपालमा गएका भैँचालामध्ये सबभन्दा पुरानो ने.सं. ३४४ अर्थात् वि.सं. १२८० पौषशुक्लप्रतिपदाको भएकोले[७] यसलाई ईसवी सन्मा बदल्दा १२२३ डिसेम्बर २४ तारीख हुन्छ ।

---

५. ई.सं. २००२ (वि.सं. २०५८)मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित, *आदर्श* २ सङ्ख्यामा छापिएको महेशराज पन्तको *ए स्टेप् टुवर्ड्ज् ए हिस्टरइक्ल् साइज्मिसिटि अफ् नेपाल्* (नेपालमा गएका भैँचालाहरूको इतिहासतिर चालिएको एक पाइला) भन्ने निबन्ध । त्यस सङ्ख्याका २९-३२ पृष्ठमा त्यस निबन्धको सारांश सर्वसाधारणले बुझ्ने गरी दिइएको छ र मूल निबन्धचाहिँ त्यही सङ्ख्याका ३३-६० पृष्ठमा छापिएको छ । ई.सं. २००३ (वि.सं. २०५९)मा प्यारिसबाट सँत्र नासिओनल दे ला रशेर्शे साँतिफिकद्वारा प्रकाशित, जोएल स्माद्जाद्वारा सम्पादित *इस्त्वार् ए दभनिर् दे पेइजाज् अँ इमालाया – रप्रेजँतास्यौँ दे मिल्यु ए जेस्स्यौँ दे रसुर्स् ओ नेपाल् ए ओ लादाख्* (हिमालयमा दृष्टिगोचरीभूत भूप्रदेशको इतिहास र भविष्य – नेपाल र लदाखका विभवको परिसर र निर्वहणको आलेखन)का १२२-१२४, ६१५ पृष्ठमा *आदर्श*मा छापिएको त्यही सारांशको, जोएल स्माज्दाले गरेको फरासीस उल्था *कौँत्रिब्युस्यौँ आलेत्युद् इस्तोरिक् दे सेइस्म् ओ नेपाल्* (नेपालमा गएका भैँचालाको इतिहासको परिशीलनसम्बन्धी लेख) भन्ने नाउँले प्रकाशित भएको छ ।

६. वि.सं. २०६० माघ २ गते काठमाडौँबाट न्यूज मिडिया प्रा लिद्वारा प्रकाशित *अन्नपूर्ण पोष्ट* २ वर्ष २५८ अङ्कको ५ पृष्ठमा छापिएको रमा लुईँटेलको *नेपालसँगै त्रिहत्तर मुलुक भूकम्पको जोखिममा* भन्ने लेख ।

७. *आदर्श* २ सङ्ख्याका ३३-३४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यही पत्रिकाको अर्को अङ्कमा भने यस्तो लेखिएको छ –

> विक्रम संवत् १२१८ ताका तात्कालीन नेपालका राजा अजय मल्लको पालामा आएको भूकम्पपछि त्यससम्बन्धी तथ्यांक राख्न थालिएको बताइएको छ ।[८]

मैले माथि भरखरै लेखें, थाहा भएसम्म नेपालमा गएको सबभन्दा पुरानो भैंचालो वि.सं. १२८० को हो । त्यसमाथि नेपालमा अजय मल्ल भन्ने कुनै राजा भएका थिए भन्ने कुरा अहिलेसम्म प्रकाशमा आएको छैन । वि.सं. १२१८ ताका त नेपालमा आनन्ददेवको राज्य चलिरहेको थियो भन्ने कुरा मात्र हामीलाई थाहा छ ।[९] वि.सं. १३१२ मा भैंचालो जाँदा ज्यान गुमाएका राजा अभय मल्ललाई यहाँ अजय मल्ल भनी भनेको हो भने यो घटना वि.सं. १२१८ भन्दा ९४ वर्षपछि घटेको हो भनी भनिरहनु परोइन ।[१०]

अब लागौं अर्को अखवार अर्थात् *नेपाल समाचारपत्र*तिर । पहिले पहिले गएका ९ वटा भैंचालाको चर्चा त्यहाँ गरिएको छ । तिनमध्ये ३ वटा भैंचालाको विषयमा मात्र मैले खोज गरेकोले त्यस अखबारमा ती भैंचालावारे लेखिएको कुराको यहाँ उद्धरण गर्नुपरेको छ –

> नेपालको बारेमा प्राप्त तथ्याङ्कअनुसार, भूकम्पको बारेमा चर्चा गर्नुपर्दा विसं. १२५० मा राजा अभय मल्लको पालामा भूकम्प गएको थियो र उनको मृत्यु पनि भूकम्पबाटै भएको थियो । त्यसपछि विसं. १३१० असोज महिनमा महाभूकम्प जाँदा १५ दिनसम्म कम्पन महसुस गरिएको थियो । त्यस्तै ... विसं. १८६६ ...मा भूकम्प जाँदा पनि ठूलो क्षति नेपालले बेहोर्नुपरेको थियो ।[११]

*नेपाल समाचारपत्र*मा चर्चा गरिएका यी भैंचालाको विषयमा लेख्नुभन्दा अगाडि ब्रह्मसंशेरका तत्सम्बन्धी वाक्यको यहाँ उद्धरण गर्नुपरेको छ –

---

८. वि.सं. २०६० माघ ३ गतेको *अन्नपूर्ण पोष्ट* २ वर्ष २५९ अङ्कको ४ पृष्ठमा छापिएको *दस वर्षभित्र विनाशकारी भूकम्प जानसक्ने आशंका* भन्ने लेख ।

९. वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ पूर्णाङ्कमा छापिएको भोलानाथ पौडेलको *आनन्ददेव, रुद्रदेव र अमृतदेवको समयमा एउटा विचार* भन्ने निबन्ध, त्यस पूर्णाङ्कका २०-२४ पृष्ठ ।

१०. *आदर्श* २ सङ्ख्याका ३४-४५ पृष्ठ ।

११. वि.सं. २०६० माघ २ गते काठमाडौंबाट कामनाप्रकाशनसमूहद्वारा प्रकाशित *नेपाल समाचारपत्र* ९ वर्ष ६ अङ्कको ५ पृष्ठमा छापिएको सन्तोषकुमार भुजेलको *कमजोर निर्माण भूकम्पभन्दा खतरनाक* भन्ने लेख ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

> **... वि. संवत १३१० (ने.सं. ३७४) मा गएको भूकम्पको लेख सब भन्दा पहिलो छ। सो भूकम्प आषाढ शुक्ल तृतीया, पुनर्वसु नक्षत्र, ध्रुव योग, सोमवारका दिन गएथ्यो। देवालय र घर भत्की धेरै मानिस मरे। विराजमान भएका राजा अभयमल्ल पनि त्यसै भूकम्पले मरे। जमीन १५ दिनसम्म वरावर हल्लिरह्यो।[१२]**

ब्रह्मसंशेरले वि.सं. १३१० मा गएको भैँचालोको विषयमा जे जति लेखे, त्यही कुरालाई वि.सं. १२५० मा र वि.सं. १३१० मा गएका भैँचालाका कुराको रूपमा *नेपाल समाचारपत्र*मा प्रस्तुत गरिएको छ भन्ने यी दुइ लेखाइ दाँजेर हेर्दा स्पष्ट हुन्छ।

वि.सं. १३१० आषाढशुक्लतृतीयामा ने.सं. ३७४ नभई ने.सं. ३७३ हुने र ने.सं. ३७४ आषाढशुक्लतृतीयामा वि.सं. १३१० नभई वि.सं. १३११ हुने भएकोले ब्रह्मसंशेरले दिएको वि.सं. र ने.सं. मध्ये एउटा अशुद्ध छ भन्ने कुरामा शङ्का छैन।

ने.सं. ३७५ आषाढशुक्लतृतीयामा भैँचालो गएको कुरा आजभोलि *गोपालराजवंशावली* भनी कहलिएको *राजभोगमाला*मा लेखिएको देखिएकोले र ब्रह्मसंशेरले दिएको भैँचालोको बयानसँग त्यहाँ दिइएको बयान मिलेकोले त्यस वंशावलीमा लेखिएको नेवारी लिपिको ५ को अङ्कलाई भ्रमवश ४ पढ्दा र आषाढको तिथिमिति भएको ने.सं. लाई वि.सं. मा बदल्दा ९३७ जोड्नुपर्नेमा ९३६ जोड्न पुग्दा ब्रह्मसंशेरबाट यो गल्ती भएको देखिन्छ। त्यो भैँचालो वि.सं. १३१० मा गएको नभई वि.सं. १३१२ मा गएको हो भनी मैले ब्रह्मसंशेरको खण्डन गर्दा सप्रमाण र सविस्तर लेखिसकेको छु।[१३]

वि.सं. १२५० मा भैँचालो गएको थियो कि थिएन, यो कुरा मलाई थाहा छैन। वि.सं. १२५० मा नेपालमा अभय मल्लको होइन कि लक्ष्मीकामदेव र विजयकामदेवको राज्य चलेको थियो भन्ने कुराचाहिँ मलाई थाहा छ।[१४] मैले माथि लेखे जस्तै, अहिलेसम्म थाहा भएकोमा सबभन्दा पहिले गएको भैँचालो वि.सं. १२८० को हो। अभय मल्लको पालामा वि.सं. १३१२ आषाढशुक्लतृतीयाको दिन ठूलो भैँचालो गएको र त्यस भैँचालोमा उनको समेत ज्यान गएको कुराको प्रमाण पाइएको छ।[१५] त्यही भैँचालोलाई नै लक्ष्य गरी लेख्दा त्यो भैँचालो वि.सं. १३१२ भन्दा ६२ वर्षअगाडि गएको हुन गएकोले *नेपाल समाचारपत्र*मा अर्थको अनर्थ हुन गएको छ।

---

१२. *नेपालको महाभूकम्प (१९९० साल)*का १८२-१८३ पृष्ठ।

१३. १० सङ्ख्याको टिप्पणीमा उल्लेख भएको प्रमाण हेर्नू।

१४. ई.सं. १९८४ (वि.सं. २०४०)मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल्* (नेपालको मध्यकालको इतिहास)को २ संस्करणका ७४-७६ पृष्ठ।

१५. १० सङ्ख्याको टिप्पणीमा उल्लेख भएको प्रमाण हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १३१० मा गएको भनी *नेपाल समाचारपत्र*मा जुन भैँचालोको विषयमा लेखियो, त्यो वि.सं. १३१२ मा गएको हो भन्ने यतासम्मका कुराबाट स्पष्ट भइसकेको छ । त्यो भैँचालो असोज महीनामा गएको भनी त्यहाँ लेखिए तापनि असार भन्नुपर्नेमा भ्रमवश असोज हुन पुगेको पनि यतासम्मका कुराबाट स्पष्ट भएको छ । त्यस महाभूकम्प जाँदा १५ दिनसम्म कम्पन महसुस गरिएको थियो भनी *नेपाल समाचारपत्र*मा लेखिएको कुरा पनि त्यतिकै अशुद्ध छ । यो वाक्य ब्रह्मसंशेरको जमीन १५ दिनसम्म वरावर हल्लिरह्यो भन्ने वाक्यकै अर्को रूप हो भनी भनिरहनु परोइन । त्यस भैँचालोको धक्का १५ दिनसम्म होइन कि ४ महीनासम्म वारंवार आइरह्यो भन्ने कुरा पनि त्यही *गोपालराजवंशावली*बाट बुझिन्छ ।[१६]

जुन भैँचालोलाई वि.सं. १८६६ को भनी *नेपाल समाचारपत्र*मा भनियो, त्यो वि.सं. १८६५ ज्येष्ठशुक्लदशमीको दिन गएको भैँचालो हो भनी माथि मैले संक्षेपमा र अन्त सप्रमाण र सविस्तर लेखिसकेकोले त्यो दोहऱ्याइरहनु परोइन ।[१७]

अब लागौँ *नेपाली टाइम्ज*तिर । त्यहाँ ई.सं. १२५५ देखि ई.सं. १९९१ सम्म गएका १९ वटा ठूलठूला भैँचालाको विषयमा लेखिएको छ । त्यहाँ उल्लेख भएका जम्मै भैँचालाको विषयमा त म अहिले जान्नँ, मैले खोजी गरेका भैँचालाको विषयमा मात्र लेख्छु । मैले खोजी गरिसकेका दुइ भैँचालाको विषयमा त्यहाँ यस्तो लेखिएको छ -

> १२५५
>
> वन्-थर्ड् अफ् काठ्मानड्'ज् पप्युलेशन् अफ् १००,००० वज् किल्ड्, इन्क्लुड्इङ् किङ् अभय मल्ल ।
>
> ...
>
> १८०८ अर् १८१०
>
> यर् नट् कन्फर्म्ड्, बट् दिस् भाइअलन्ट् क्वेक् डिस्ट्रइड् मेनइ हाउसइज् इन् भक्तपुर् । टेम्प्ल्ज् इन् काठ्मानड् रिमेन्ड् अनस्केद्ड् ।[१८]

---

१६. *आदर्श* २ सङ्ख्याका ३५-३७ पृष्ठ ।

१७. *पूर्णिमा* ९५ पूर्णाङ्कका ५१-५३ पृष्ठ ।
आदर्श २ सङ्ख्याका ४७-५४ पृष्ठ ।

१८. ई.सं. २००४ को ९-१५ जनवरी (वि.सं. २०६० को २५ पौष-१ माघ)मा ललितपुरबाट हिमालमिडिया प्रा.लि.द्वारा प्रकाशित, *नेपाली टाइम्ज* १७८ अङ्कको ११ पृष्ठमा छापिएको नरेश नेवारको *७० यर्ज् आफ्टर्* (सत्तरी वर्षपछि) भन्ने लेख ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ई.सं. १२५५
राजा अभय मल्लसमेत काठमाडौंको एक लाख जनसङ्ख्याको तीन खण्डको एक खण्ड मानिस मरे।
...
१८०८ वा १८१०
साल पक्का छैन, तर यो जोरदार भैँचालोले भक्तपुरमा धेरै घर भत्काइदियो। काठमाडौंका मन्दिरहरूमा भने खति भएन।)

ई.सं. १२५५ को भैँचालो भनी यहाँ लेखिएको वि.सं. १३१२ आषाढशुक्लद्वितीया अर्थात् ई.सं १२५५ जून ७ तारीखको दिन गएको भैँचालो हो। त्यसमा परी राजा अभय मल्लसमेत तीन खण्डको एक खण्ड मानिस मरे भन्ने कुरा साँचो हो। तर त्यसरी मर्ने मानिसहरू काठमाडौंका मात्र होइनन्, अभय मल्लको राज्यभरका मानिस हुन्। त्यसमाथि त्यस वेला काठमाडौंको जनसङ्ख्या एक लाख थियो भनी *नेपाली टाइम्ज*मा लेखिएको कुराको के प्रमाण छ।

एउटा ठूलो भैँचालो ई.सं. १८०८ मा गयो कि १८१० मा गयो भन्ने कुरा अझै प्रमाणित नभएको भनी *नेपाली टाइम्ज*मा लेखिएकोमा केही कुरा भन्नुपरेको छ। त्यो भैँचालो वि.सं. १८६५ ज्येष्ठशुक्ल-दशमीको दिन अर्थात् ई.सं. १८०८ जून ४ तारीखको दिन गएको हो भनी मैले सप्रमाण लेखिसकेको छु।[१९]

वि.सं. १३१२ को भैँचालोमा जस्तै राजासमेत परेको, एउटा ठूलो भैँचालो नै *नेपाली टाइम्ज*मा दिइएको ठूलठूला भैँचालाको सूचीमा छुटेको छ भनी यस प्रसङ्गमा भन्नुपर्छ। त्यो भैँचालो वि.सं. १४०१ आश्विनशुक्लसप्तमीको दिन अर्थात् ई.सं. १३४४ सेप्टेम्बर १४ तारीखको दिन गएको थियो। त्यस भैँचालोमा परी राजा अरि मल्ल परलोक भएका थिए।[२०]

अब लागौं *मजदुर*, *महानगर* र *मूलधार*तिर। ती तीनैमा वि.सं. १९९० भन्दा अगाडि गएका ठूलठूला भैँचालाको चर्चाको प्रसङ्गमा सबभन्दा पहिले सन् ११६१ मा भैँचालो गएको कुरा लेखिएको छ।[२१] सन् ११६१ मा भैँचालो गएको थियो कि थिएन, त्यो त म भन्न सक्दिनँ। मैले माथि नै

---

१९. १७ सङ्ख्याको टिप्पणीमा उल्लेख भएको प्रमाण हेर्नू।

२०. *आदर्श* २ सङ्ख्याको ४६ पृष्ठ।

२१. वि.सं. २०६० माघ २ गते भक्तपुरबाट विष्णुगोपाल कुसीद्वारा प्रकाशित *मजदुर* ५ वर्ष ३५८ अङ्कमा छापिएको *नेपालसहित त्रिहत्तर मुलुक भूकम्पको जोखिममा* भन्ने खबर, त्यस अङ्कको ४ पृष्ठ।

वि.सं. २०६० माघ १ गते काठमाडौंबाट कामनाप्रकाशनसमूहद्वारा प्रकाशित *महानगर* १२ वर्ष २८ अङ्क ३ पृष्ठमा छापिएको सुरेन्द्र पौडेलको *आमविनाशकारी भूकम्पको खतरामा काठमाडौं नम्बर एक* भन्ने लेख।

वि.सं. २०६० माघमा काठमाडौंबाट राजेन्द्र अर्यालद्वारा प्रकाशित *मूलधार* १ वर्ष ४ अङ्कको ३४ पृष्ठमा छापिएको *भूकम्पीय खतरामा काठमाडौं* भन्ने खबर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखेअनुसार थाहा भएसम्म सबभन्दा पुरानो भैँचालो सन् १२२३ डिसेम्बर २४ तारीखको दिन गएको कुरा प्रमाणबाट पुष्ट भएको छ। ई.सं. १३४४ सेप्टेम्बर १४ तारीखमा र ई.सं. १८०८ जून ४ तारीखमा गएका भैँचालाको बयानचाहिँ ती तीनवटैमा परेको छैन।

अब *स्पेसटाइम*तिर लागौँ। पहिले पहिले गएका १२ वटा भैँचालाको चर्चा त्यहाँ गरिएको छ। ती सबै भैँचालाको विषयमा म अहिले चर्चा गर्दिनँ, खालि मैले खोजी गरेका भैँचालाको विषयमा मात्र केही कुरा भन्छु। त्यसभन्दा पहिले *स्पेसटाइम*बाट सम्बद्ध अंशको उद्धरण गर्नुपरेको छ –

> नेपालकै सन्दर्भमा यहाँ गएका भूकम्पहरूको तथ्यांक नभए पनि नेपालकै सबैभन्दा पहिलो भूकम्प विसं. १३१० सालमा गएको मानिएको छ । त्यसपछि क्रमशः ... १८६६ ... सालमा महाभूकम्प आएको तथ्यांक छ ।[२२]

थाहा पाइएका भैँचालामध्ये सबभन्दा पुरानो वि.सं. १३१० को हो भनी यहाँ लेखिए तापनि मैले माथि नै लेखिसकेँ कि थाहा पाएसम्म सबभन्दा पहिलो भैँचालो वि.सं. १२८० पौषशुक्लप्रतिपदाको दिन गएको थियो। वि.सं. १३१० को भनेर ब्रह्मसंशेरले गरेको अशुद्धि यहाँ दोहऱ्याइएको छ, त्यो भैँचालो वि.सं. १३१० मा गएको नभई वि.सं. १३१२ मा गएको हो भनी मैले माथि पटकपटक लेखिसकेको छु। वि.सं. १८६६ मा गएको भनी यहाँ लेखिएको भैँचालोचाहिँ वि.सं. १८६५ मा गएको हो।

*नेपाली टाइम्ज*मा जहिले जहिले ठूलठूला भैँचाला गए भनी अङ्ग्रेजीमा लेखिएको छ, त्यही नै *हिमाल*मा नेपालीमा दोहऱ्याइएको छ।[२३] *नेपाली टाइम्ज*को विषयमा माथि नै लेखिइसकेकोले त्यसलाई यहाँ दोहऱ्याउन आवश्यक परोइन।

---

२२. वि.सं. २०६० माघ ४ गते काठमाडौँबाट स्पेसटाइम पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित *स्पेशटाइम* ४ वर्ष ७६ अङ्कको ७ पृष्ठमा छापिएको दीपेश घिमिरेको *काठमाडौंले भूकम्पको खतरा कसरी थाम्ला ?* भन्ने लेख।

२३. वि.सं. २०६० १-१५ माघमा ललितपुरबाट हिमालमिडिया प्रा.लि.द्वारा प्रकाशित *हिमाल* ११५ पूर्णाङ्कमा छापिएको मुकुल हुमागाइँको *काठमाडौं झन् जोखिममा* भन्ने लेख, त्यस अङ्कको २३ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ग्रहण लागेको दिनका ११ वटा दत्तपत्र

– महेशराज पन्त

ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो (   ) कोष्ठभित्र पढिन्छ ।

२. मूल ताडपत्रको रेशा उप्किएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो [   ] कोष्ठभित्र पढिन्छ ।

३. मूल ताडपत्रको पाप्रो उप्किएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[[   ]]] कोष्ठभित्र पढिन्छ ।

४. मूल ताडपत्र रद्द गरिएको जनाउन दिइएको यस्तो x चिह्नले छोपिएको अक्षर प्रसङ्गानुरोधले यस्तो <   > कोष्ठभित्र पढिन्छ ।

५. मूल ताडपत्र दोब्र्याउँदा परेको डोबले नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो ((   )) कोष्ठभित्र पढिन्छ ।

६. मूल ताडपत्रमा मेटिएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[   ]] कोष्ठभित्र पढिन्छ ।

७. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो {{   }} कोष्ठभित्र पढिन्छ ।

८. मूल ताडपत्र कीराले काट्दा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो <<   >> कोष्ठभित्र पढिन्छ ।

९. फोटोमा नदेखिएको अक्षर प्रसङ्गानुरोधले यस्तो {   } कोष्ठभित्र पढिन्छ ।

१०. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो x चिह्नले जनाइन्छ ।

११. मूल ताडपत्रको रेशा उप्किएर जाँदा पढ्न नसकिएको अक्षर यस्तो * चिह्नले जनाइन्छ ।

१२. मूल ताडपत्रको पाप्रो उप्किएर जाँदा पढ्न नसकिएको अक्षर यस्तो ➡ चिह्नले जनाइन्छ ।

१३. मूल ताडपत्र रद्द गरिएको जनाउन दिइएको यस्तो X चिह्नले छोपिएको अक्षर पढ्न नसकिएको ठाउँमा यस्तो ~ चिह्नले जनाइन्छ ।

१४. मूल ताडपत्र दोब्र्याउँदा परेको डोबले नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ≋ चिह्नले जनाइन्छ ।

१५. मूल ताडपत्रमा मेटिई पढ्न नसकिएको अक्षर यस्तो – चिह्नले जनाइन्छ ।

१६. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ◎ चिह्नले जनाइन्छ ।

१७. मूल ताडपत्र कीराले काट्दा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ▦ चिह्नले जनाइन्छ

१८. मूल ताडपत्रमा मसी लतपतिई पढ्न नसकिएको अक्षर यस्तो ✪ चिह्नले जनाइन्छ ।

१९. फोटोमा स्पष्ट नआएको अक्षर यस्तो ● चिह्नले जनाइन्छ ।

२०. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१. मूल ताडपत्रको रेशा उप्किएर जाँदा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ⋘⋘ चिह्नले जनाइन्छन् ।

२२. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता :::::: चिह्नले जनाइन्छन् ।

२३. फोटोमा नदेखिएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ::: चिह्नले जनाइन्छन् ।

१ सङ्ख्या

ने.सं. ६७३ (वि.सं. १६०९) पौषअमावास्या श्रवणनक्षत्र शनैश्चरवार सूर्यग्रहण लागेको दिन नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३३/१८

मूलपाठ

१. ॥ श्रेयोऽस्तु ॥ सम्बत् ६७३ पौक्षमासे ॰ कृष्णपक्षे ॰ अमावाश्यां तिथौ श्रवणनक्षत्रे ॰ शनिश्चरवा[1]सरे ॰ सूर्यग्रासदिने ॰ । अद्यश्रीमच्छाक्यसिंहस्य बुद्धक्षे भद्रकल्पे ॰ वैवस्वतमन्वन्तरे ॰ आर्यावर्त्तन पुन्य-भूमौ ॰ हिमवतः पर्व्वराज्ञ ॰ पार्श्वे[2] ॰ जंबूद्वीपे ॰ कलियुगे ॰ नेपालदे-

२. शे ॰ वाङ्गत्या ॰ उत्तरकूले ॰ केशावत्याः पूर्व्वकूले ॰ श्रीमत्काष्टमण्डपमहागरे ॰ स एव तोलके ॰ दानपति ॰ मंदो लिबिछें ॰ ताम्रकार ॰ लुंगुसिंहनाम्नेन ॰ क्षेत्रदानं संप्रदत्तं ॰ श्रीमन्मण्डप[3]महाविहारे ॰ श्रीशाक्यमुनिप्रतिमा ॰ दिवंगत भ्राता ॰ जयहर्षयातं उदेशान ॰ द्व{{य}}-

३. कं ॰ दलुथु बू रो{{व}}[4] ३X थ्वव स्वादिकार जुक्व॰ दुंता जुरो॰ वर्षम्प्रत्ते॰ थ्व बूया वास[5]श्यन॰ सद्धर्म्म ॰ बोस्यं ॰ म्पटं प्वाथ ३ बोसा छजोडन ॰ भोजा ॰ निश्राव ॰ जो २ दक्षिणा दम्म १ थ्वं ग्वड १ शियाप्लके ॰ समे ॰ पितेमाल जुरो ॰ आगमस ॰ पूजा ॰ समय द्वयकं छजोडन यंनेमाल ◎[6]◎

---

१. यो व खुँडे छ ।

२. पाभन्दा पछाडि लेख्न खोजिएको अक्षरलाई र्श्वको एकलख बनाइएको छ ।

३. मण्डपको पछि महाको म लेख्नुपर्नेमा अलि पछि लेख्नुपर्ने विहारको वि लेख्न पुगेकोले विको बाइमात्राको यस्तो ^ भाग छुने गरी डिकोमा यस्ता तीनवटा ॰ धर्का दिई त्यस विलाई खारेज गरिएको छ ।

४. रोभन्दा पछाडिको अक्षरको डिको देखिन्छ ।

५. सभन्दा अगाडि लेखिएको अक्षरको मूल भागलाई केरकार गरेर वको कान्नानी बनाइएको छ । त्यही अक्षरको दायाँपट्टिको भाग मेट्न खोजिए तापनि पूरै मेटिएको छैन ।

६. लभन्दा पछाडिको अक्षरको अघिल्लो भागको केही अंश देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. थ्वते , निषे ◎[7]◎ {{गुथि}}भारो , थ्व दान , लोपरपं , मनिस्तरपं हंकाले ॰ पंचानंद महापात लाक्व जुरो॰ निस्तरपं उत्तेत्तर॰ दानपतिआयुरारोग्य, जनधनवृद्धिरस्तु॰ दिवं[8]गत भ्राता, सुखावतीभुवन, लाक्वथ जुर ॰ थ्वतेया दृष्टशाक्षि , भ्रातृ लखिमराज भारो ॰ लिखि{{त}} ◎◎

५. य क्षर ◎◎◎◎◎◎ ॥ शुभ ॥

३ सङ्ख्या

नेे.सं. ७३० (वि.सं. १६६६) पौषपूर्णिमा पुनर्वसूनक्षत्र विष्कम्भयोग शनैश्चरवार सूर्य मकरराशिमा र चन्द्र कर्कटराशिमा हुँदा चन्द्रग्रहण लागेको दिन

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३६/१६

मूलपाठ

१. ९ ॐ अद्य ब्रह्मनो द्वितीयश्वेतवराहकल्पै , वैवश्वतमनोनष्टाविसंतितमस्यं चतुर्जुगस्य कले , प्रथम-पाद्य , जाम्बुदिपे , भर्त्दखण्डे भारतवर्ष्य , आर्य्यांव[9]र्त्तदेशे , हीमवत्दक्षिणपादे , नैपालमण्डले , वासुकीक्षत्रे श्री ३ पशुपतिसंनिधानै , वाग्मत्यायां पश्चिमकुरे , विष्णुमत्यायां पूर्व्वकुरे , इहैव स्थाने , श्रीगागुलंगपर्त्तनै , कान्तिपुलिमहानगरै , ईहैव पुन्यभुमौ ॥ श्रेयोस्तु । सम्वत् ७३० पौषशुक्ल ॥ पूर्ण्णमास्यायां , तिथौ । पुनर्व्वसुनक्षत्र , विस्कम्भजोगे , जथाकरणमुहुत्रे , शनिश्चरवासरे , मक्ररासिगते सवित्ररि ,

२. क्रकटरासिगते चंद्रमसि तस्मिन्तिथौ , राहुग्रस्थे निसाकले , चंद्रग्रास महाप्रर्व्ववेलास , जजमान , श्रीयंबुब्रमायां , श्रीगागुलंगे , माखमण्डपस्तोरके , वंकुलि छें , राम दुवार भारोसन , स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपंनिभुतेन , पुत्री दिवंगत , मंगलामयियातं दिपप्रजोलितार्थ दात्रव्यं , चत्रु ओहो दाम तंका पि ४ चरस ह्म १ षट जाके फं ६ थ्वते टंकाया जाकेया , चरसया , व्रसानन , व्रखं-प्रति यंदयात जोरछि ह्विन दिवा पु १ थव त्वारस , छोयकं यंञ्जमाल , करगुडि कुड १ न दुथ्यफोय , थ्वं छघडिया ,

३. ला दंम १ थ्वते पुनिसि कुह्नु पिंतेमाल , मामन दुंता दिवाभोस दिवा छोयकं यंञ्जमाल थ्वते हंङन प्रसेखन , गुथिभारोपनिस्यंन भक्षाभोजन याङ यंञ्जमाल , थ्वया गुथि , पुत्र , शिराम भारो , गोपिराम भारो , गोपारसिंह भारो , ध्वगलं , थ्वपनि गुथि प्यंह्मसनं , थ्व पतिभाखाथ्यं अविच्छिन ,

---

७. षेभन्दा पछाडिको अक्षरको डिकोको केही अंश देखिन्छ ।

८. यो वं चुच्चे छ ।

९. यो व लाम्चो छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

याङन ، निस्त्रपं यंञ्जमाल ، कडाचितोपि ، मनिस्त्रपं ، रोभ याङसं काले ، गोहथ्या आदिन ، पंचमाहापातक राक्व जुरो ، रोभ मयास्यं अनिग्रह उत्रोतर जुरो ॥ ततपुन्यात्र्थेन जजमानस ،

४. आयुआरोज्ञे ، अहि मूर्य्य जनधनलक्ष्मीसंततिसंतानवृद्धिरस्तु ، अत्र पत्राथे दृष्टसाक्षि जाव चंद्र ، दिवाकरतो शुभं ॥ भुय मुपा गोपारसिंह भारोन ، भेनयातं निमितिन दुंता ، नव जाके फं ९ थ्वतेया ब्रसानन ، माधे ने फान दुथ्यं ، फंछिन घसारयातं जुरो ॥

३ सङ्ख्या

नें.सं. ७८८ (वि.सं. १७२४) मार्गपूर्णिमा रोहिणीनक्षत्र सिद्धियोग बुधवार
सूर्य वृश्चिकराशिमा र चन्द्र वृषराशिमा हुँदा खग्रास चन्द्रग्रहण लागेको दिन

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २०३२/३३

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ꣸ स्वस्ति ॥ अद्य[१०] श्वेतवालाहकल्पे वैवस्वतमन्वंतरे कलियुगप्रथमचलणे जाम्बुद्वीपे भरतखण्डे आर्य्यावत्त-पुन्यस्थाने हिमवत्पादे पशुपतिसन्निधाने वाशुकिक्षेत्रे वाग्मत्यां दक्षिनकूरे नेपालदेशान्तर्ग्गतललितपट्टने ईहैव[११] पुण्यभूमौ ॥ श्रेयोऽस्तु ॥ सम्बत् ७८८ मार्ग्गशिलमासे शुक्लपक्षे ॥ पूर्ण्णमास्यान्तिथौ ॥ रोहिणीनक्षेत्रे ॥ सिद्धियोगे ॥ बुधव[११]ासरे ॥ विच्छलाशिगते सवितरि ॥

२. वृषराशिगते चंद्रमशि ॥ श्री ३ चंद्रग्रहनसर्व्वग्रासमहापनि एतस्मिन्दिवसे दानपति गाडबाहालत्वर बु[११]याबाहालननि वंकुरि दुंदुगृहनिवासि ॥ शाक्यवंश वज्राचार्य्य श्रीउजोतसिंहजु भात्तेसहस नाम्नेन स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपन्नेन भूतेन भाषा खोकना तैपुद्वर क्षेत्रनामसज्ञकं ॥ यथाचतुरघाटेण परिव्यस्थितं एतन्मध्ये ता क्षेत्र द्वयोपादोद्धिकत्रयरोपनिकं

३. **[१२] [रो[१३]]व[१४] स्व ३ पयि नसि २ भूय मोहोल टं नसि २ एत क्षेत्र टंका दिवंगत पिता मयनसिंहजुयातं नाम्न श्राद्धगुथिनिमित्यर्थं संप्रदत्तं

स्वदताम्परदताम्बा यो हरेत् शूरविप्रयो
वृर्त्ति श जायते वृत्भूर्व्वर्षानामयुतायुतै

भाषा थ्वते बु[११] दामया वरसानन वर्षप्रति कलन्त्रन ، चंगुनिराया पूर्ण्णमि ، मयनसिंहजु क्षेहादिन कुह्नु ह्ङाया हतक्वबाहार नेह्मं स्त्रिपुरुख २ थव बुयाबाहार-

४. या पंञ्च ((थ))[१५]वलया स्त्रिपुरुष जिह्मं १० बिज्याचकं भोर्ज्य याचकं ، थ्व गुरुभडादपनिस्त ह्मंतिन दंछि १ पंच थव[११]र स्त्रिपुरुष जिह्मस्त ह्मंतिन जव[११]छि १ दक्षिना बिस्यं पञ्चोपहारपूजा याङ[१६]

---

१०. द्यभन्दा पछाडि लेखिएको एक अक्षरमा मसी दली त्यसलाई खारेज गरिएको छ।
११. यो व चुच्चे छ।
१२. वभन्दा अगाडिका दोस्रो र तेस्रो अक्षरका तल्लो भागका केही अंश देखिन्छन्।
१३. वभन्दा अगाडिको अक्षरको बीचको भाग देखिन्छ।
१४. ताडपत्रको रेशा उप्किएर गएकोले वको डिकोको अघिल्लो भाग देखिँदैन।
१५. ञ्चभन्दा पछाडिको अक्षरको अघिल्लो भागको अलिकति अंश देखिन्छ।
१६. बिस्यंको स्यं र यञ्जमारको यको बीचमा डिकाभन्दा माथि तेस्रो र चौथो पङ्क्तिको बीचको खाली ठाउँमा यस्तो x चिह्न र तिनै दुइ अक्षरको बीचमा तिनको खुट्टाभन्दा तल चौथो र पाँचौं पङ्क्तिको बीचको खाली ठाउँमा अर्को त्यस्तै चिह्न दिई तल खाली ठाउँमा पाँचौं पङ्क्तिको तक्वको तको तल फेरि अर्को त्यस्तै चिह्न दिई पदेखि लेख्न थालिएको छ र थपिएका पदेखि ङसम्मका अक्षर यङनको यको तलसम्म पुगेका छन्। थपिएका ती अक्षरपछि फेरि पनि अर्को त्यस्तै चिह्न दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यञ्जमार ॥ पुन भार्षा संपलोदयदशमि कुह्नु पिता मयनसिंहजुयातं ना[१७]मन्न श्रीसुव[१८]र्ण्णरचित-प्रतिमा श्री ३ चक्रसंवर परमेश्वर दयकं सिंध्रपूजा[१९] पञ्चाप्रहार दयकं पूजरपं यञ्जमाल ॥ थ्वतेया चिन्ता याक्व गोष्टि

५. **[२०]* श्रीउजोतसिंहजु [भा[२१]त्ते[२२]] श्रीसर्व्वसिंहजु भात्ते श्रीदेव[१८]चंद्रसिंहजु भ्रातापुत्र श्रीकमलसिंहजु स्वगोत्र श्रीरत्नसिंजु स्वगोत्र श्रीरत्नदेवजु थ्व चोस्यं तक्व गुथिसमुर्च्चयन चिन्ता यङन भष्याभोजन याङन निस्त्रपं यञ्जमार लोप याय मतेव लोभ याकारे गोब्राह्मनादिपञ्चमहापातक मयाकारे उत्तोत्र जुरो ॥ दत्तपत्रार्थे साक्षि भ्रातापुत्र श्रीकमलसिं-

(दायाँ फट्केमा तलबाट उठाई तेर्सो पारेर)

हजुस दृष्ट शुभं ॥•

६. ⁛[२३]

(पछाडि बीचमा)

१. १ भ्राता दिवंगत जयतसिंहजुया नामन्न ‸ सुवर्ण्णरचितप्रतिमा श्री ३ अचलदेव ‸ ह्नथ्व क्षंश जाव आयनं

२. पूजरपं यञ्जमार ‸ थ्वया नामन्न ‸ स एवु बुयाबाहारया ‸ वज्राचार्य्य श्रीसिद्धिजु छह्मं १ बिज्या-चकेमाल ॥

---

१७. नामा दुइवटा कान्नानी दिइएको छ ।

१८. यो व चुच्चे छ ।

१९. दयकंको कं र पञ्चाप्रहारको पको बीचमा डिकाभन्दा माथि तेस्रो र चौथो पङ्क्तिको बीचको खाली ठाउँमा यस्तो x चिह्न र तिनै दुइ अक्षरको बीचमा तिनको खुट्टाभन्दा तल चौथो र पाँचौं पङ्क्तिको बीचको खाली ठाउँमा अर्को त्यस्तै चिह्न दिई तल खाली ठाउँमा पाँचौं पङ्क्तिको °महापातकको कको तल फेरि अर्को त्यस्तै चिह्न दिई सिंदेखि लेख्न थालिएको छ र थपिएका सिंदेखि जासम्मका अक्षर मयाकारेको रेको तलसम्म पुगेका छन् । थपिएका ती अक्षरपछि फेरि पनि अर्को त्यस्तै चिह्न दिइएको छ ।

२०. श्रीभन्दा अगाडिका दोस्रा र तेस्रा अक्षरका डिका देखिन्छन् ।

२१. जुभन्दा पछाडिको अक्षरको डिको र घाँटी देखिन्छ ।

२२. श्रीभन्दा अगाडिको अक्षरको डिको र पछिल्लो भाग देखिन्छ ।

२३. पाँचौं पङ्क्तिको अन्त्यको श्रीकमलसिंको लसिंको मुनि खाली ठाउँमा यी चिह्न दिइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि छेउमा)

दान पत्र

४ सङ्ख्या

ने.सं. ७९८ (वि.सं. १७३५) वैशाखपूर्णिमा विशाखानक्षत्र व्यतीपातउप्रान्त वरीयान्योग शुक्रवार सूर्य मेषराशिमा र चन्द्र तुला राशिमा हुँदा चन्द्रग्रहण लागेको दिन

राष्ट्रिय अभिलेखालयमा ४३ सङ्ख्याको बट्टामा क्रमसङ्ख्या ६३४ को रूपमा मूल पत्र छ।

मूलपाठ

१. ᳲ स्वस्ति ॥ सम्बत् ७९८ वै[२४]शाषमासे शुक्लपक्षे ‚ पूर्ण्णमास्यान्तिथौ ‚ स्वातीप्र[२५]वि[२४]शाषानक्षत्रे ‚ व्येतीपातप्रव[२४]रियानयोगे ‚ शुक्रव[२४]ासरे ‚ मेषरासिगते सवि[२४]तरि ‚ तुरारासिगते चन्द्रमसि ‚ राहु[२६]ग्रस्ते निशाकरे ‚ अस्मिन् चन्द्रग्रासपर्व्वदिने ‚ नोगलभोंत लं व[२४]न्ता दथ्वचोक गृह ‚ शाक्यवं[२४]श श्रीकमलजुस नाम्नेन स्वहस्तेन ‚ ह्मुदोल बु[२४] रोव[२७] ङा ५ थ्वतेस स एवं[२४]ा दानपतिस स्वादिकार अर्द्धभाग जुक्व जुरो ‚ भूय चदोल बु[२४]

२. रोव[२७]छि १ थ्व ने राशि बु[२४]यां यथाचतुराघाटेन परिवे[२४]ष्टितं ‚ एते क्षेत्रा स एव[२४]ा दानपतिस थव[२४] छेंस श्री ३ क्वासपालभट्टारक ‚ श्री ३ आगम ‚ श्री ३ चैत्रभराड आदिन स्थापन यांङ गोष्ठीनाम्ने दत्तं ॥[२८]

---

२४. यो व चोसे छ।

२५. पहिले लेखिएका अक्षर मेटी त्यही ठाउँमा **स्वातीप्र** लेखिएको छ।

२६. **चन्द्रमसि**को सिभन्दा पछाडि लेखिएका अक्षरको अगाडि यस्तो (चिह्न हालेर र त्यस चिह्नको तल यस्ता ‚ दुइवटा धर्का हालेर **ग्रस्ते**भन्दा अगाडि लेखिएका अक्षर मेटी त्यही ठाउँमा राहु लेखिएको छ।

२७. यो व चुच्चे छ।

२८. **परिवेष्टितं** ‚ को तं ‚ र **थ्वदत्ता**°को थ्वको बीचमा डिकाभन्दा माथि पहिलो र दोस्रो पङ्क्तिको बीचको खाली ठाउँमा यस्तो v चिह्न र तिनै दुइ अक्षरको बीचमा तिनको खुट्टाभन्दा तल दोस्रो र तेस्रो पङ्क्तिको बीचको खाली ठाउँमा यस्तो ∧ चिह्न दिई माथि खाली ठाउँमा पहिलो पङ्क्तिको °**न्तिथौ**को **थौ**को माथि कुन पङ्क्तिमा थप्ने हो त्यो जनाउन २ लेखी **एतेदेखि** लेख्न थालिएको छ र थपिएका **एतेदेखि दत्तं ॥** सम्मका अक्षर राहुग्रस्तेको ग्रको माथिसम्म पुगेका छन्। थपिएका ती अक्षरपछि यस्तो x चिह्न दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्व[२९]दत्ताम्परदत्ताम्बा यो हरेत्सुरवि[३०]प्रयोः ।

षष्ठीव[३०]र्षसहश्राणि वि[३०]ष्ठायां जायते क्रिमि ॥

भाखा थ्वते बु[३१]या व[३०]र्षप्रतिं वरसान , बु[३०]बा[३०]हारया व[३०]ज्राचार्य्य श्रीधनजोतिजु बेतानतं ङह्मं २ श्रीसिद्धिजु ह्मं[३२]छि १ थ्वपनि स्वंह्म बि[३०]ज्याचकं होम यांङन श्रीप[३३]ञ्चमी कुह्नु ब[३०]ासाधन याय-माल , सम्बरदिसि कुह्नुं थ्वपनि स्वंह्मं बिज्याचकं स एवो श्री-

३. मत्श्रीश्रीक्वासपाल भट्टारक आदिन पूजलं यन्तमाल , थ्वतेया चिन्ता याक गोष्ठी , स एव[३०]ो श्रीकमलजु सोलोख जुले थव[३०] वं[३०]श दतोले , थव[३०] वं[३०]श मदतङास , थ[३४]व फुकिंजन निस्त्रपे जुरो , पुन भाखा थ्व नेप घातनं , थव[३०] फुकिंजपनि भक्षाभोजन याचकेमाल जुरो , थ्वते साक्षि दानपतिभ्रातापुत्र श्रीजागेश्वरजु दृष्ट ॥ शुभ ॥

(पछाडि)

१. दा न

२. प त्र

५ सङ्ख्या

ने.सं. ७९९ (वि.सं. १७३६) आश्विनपूर्णिमा चन्द्रग्रहण लागेको दिन

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३३/६

---

२९. पहिले लेखिएको अक्षर मेटी त्यही ठाउँमा श्व लेखिएको छ ।

३०. यो व चोसे छ ।

३१. यो बु लाम्चो छ ।

३२. पहिले लेखिएको अक्षरलाई ह्मं बनाइएको छ ।

३३. पहिले लेखिएको अक्षर मेटी त्यही ठाउँमा श्रीप लेखिएको छ ।

३४. पहिले लेखिएको अक्षरको सामै नचलाईकन मूल अक्षरलाई मात्र थ बनाइएको छ ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि







CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. (१ ॐ अद्य ब्रह्म)णो ، द्वितियपराढे ९ शोतव[३५]ाराहक[३६]ल्प ، वैव[३७]स्वन्तमन्वन्तरे ، अष्टाविंशतिमस्य ، चतुर्युगस्य करे ، प्रथमपादे जम्ब ، दीपे भरतखणे ، भारतवर्ष ، आर्य्यावर्त्तमण्डरे ، हेमतर्द्दक्षिण-पादे ، श्री ३ नैपालदेसे ، व[३५]ासुकिक्षेत्रे ، व[३५]ागमत्या पश्चिमकुरे ، विष्णुमत्यां पूर्व्वकुरे ، इहव पुण्यभूमौ ، श्रीकाष्टमण्डपनगरे ، श्री ३ रित्छीकेशव[३८]नारायण भर्त्तारक ने-

२. XXXXXX देसे ॥ अथ श्रीनैपारकसेः श्लेयस्तुः सम्बत ७९९ आश्विनमासे शुक्रपक्षे ॥ पुण्णमास्यां तिथौ चन्द्रग्रासमहा[३९]<<प>>र्व्व[४०]दिने ، जजोमान चोसादोहिती ए<<न्ता>> छे पुत्र कुश्रदेओन ، पिता गुलुदेओ ، यात ، नाति ، गुनदेओया नामनं ، श्रीश्रीश्रीसाक्षेसिं[४१]मुनितथागतपतिमा दएका दुत्ता ॥ ताहाओ बु रव[४२] १ व[३८]र कर्ष १ तोखास ، सुथं पु-

३. XXXXX[४३]तेया व[४२]रसांननं वर्षपतिं कतिपुह्निसि कुह्नु दिव[३७]ा पु २ छोयकेमार ، पितेयात ، वजि कुर २ धरियात दं ६ मधि कुर २ रा कुर १ थ्व के फं १ ، मदिव[३७]ायात चिकन कु १ थ्वते हङन प्रसेखन गुथिभारासेन भक्षाभोजन यायमार <<।>> थ्व[४४] दर्त्त रोभ यातसा[४५] गोहथ्या ، ब्रह्म-हथ्या ، गुरुहथ्या ، त्रीहथ्या ، बारहथ्यां ، एते

---

३५. यो व चुच्चे छ ।

३६. ह र ल्पको बीचमा पर्ने गरी माथि खाली ठाउँमा क थपिएको छ ।

३७. यो व लाम्चो छ ।

३८. यस वको पेट चिरेको जस्तो देखिन्छ ।

३९. ताडपत्र कीराले खाएकोले हको कान्नानीको तल्लो भाग देखिँदैन ।

४०. ताडपत्र कीराले खाएकोले र्व्वको अघिल्लो भागको तल्लो केही अंश देखिँदैन ।

४१. पहिले लेखिएको अक्षरमै केरकार गरी सिं बनाइएको छ ।

४२. यो व खुँडे छ ।

४३. तेभन्दा अगाडिको अक्षरको पछिल्लो भाग देखिन्छ ।

४४. ताडपत्र कीराले खाएकोले थ्वको अघिल्लो भागको तल्लो केही अंश देखिँदैन ।

४५. साभन्दा पछाडि लेखिएको अक्षरको पछिल्लो भागमा मसी दली त्यसलाई खारेज गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. (पञ्चम)[४६]हाप<<ा>>तक राक जुरो ॥ एति भा[४७]खार्थे स्त्रिस्त[४८]कारे ､ जजोमाननों गुथिभारोवनितो इश्शुक्षेलक्षीशंततिसन्तानवृ[४९]द्धिरस्तुः थ्वते भाखाया दृष्टसाक्षि श्री ३ चन्द्रसुर्य्यदनिः ॥ ः ः [५०]॥
॥ साक्षि मुनितरि ।[५१] ॥ ७ ॥[५२] ॥ ७ ॥[५३]

॥ शुभः॥[५४]

६ सङ्ख्या

ने.सं. ८०७ (वि.सं १७४४) आश्विनअमावास्या सूर्यग्रहण लागेको दिन

राष्ट्रिय अभिलेखालयमा ५९ सङ्ख्याको बट्टामा ८७२ सङ्ख्याको रूपमा मूल पत्र छ ।

---

४६. हाभन्दा अगाडिको अक्षरको सामै देखिन्छ ।

४७. खाको डिकोभन्दा माथि तेस्रो र चौथो पङ्क्तिको बीचको खाली ठाउँमा भा थपिएको छ ।

४८. पहिले लेखिएको अक्षरलाई स्त बनाइएको छ ।

४९. यो वृ चुच्चे छ ।

५०. ॥ भन्दा पछाडि केही ठाउँ खाली छोडी तेस्रो पङ्क्तिको भक्षाभोजनको क्षाको तलबाट लेख्न थालिएको छ ।

५१. ॥ भन्दा पछाडि ठाउँ खाली छोडिएकोमा पछि फरक हस्ताक्षरमा सादेखि रि । सम्म थपिएको छ ।

५२. रि । भन्दा पछाडि केही ठाउँ खाली छोडी तेस्रो पङ्क्तिको यातसाको याको कान्नानीको तलबाट लेख्न थाली माथिको चिह्न दिइएको छ ।

५३. ॥ भन्दा पछाडि केही ठाउँ खाली छोडी तेस्रो पङ्क्तिको गुरुहथ्याको गुको तलबाट लेख्न थाली माथिको चिह्न दिइएको छ ।

५४. ॥ भन्दा पछाडि केही ठाउँ खाली छोडी तेस्रो पङ्क्तिको बारहथ्याको बाको तलबाट लेख्न थालिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



माइक्रोफिल्मबाट तयार गरिएको फोटोको प्रतिलिपि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

(बायाँपट्टि फट्केमा, छाप लगाउने ठाउँमा)

ॐ

१. ᥫ ॐ अद्य ब्रह्मनो दितियपरार्द्ध स्यतवाराहकर्प्पेत्यादि ॥ श्रेयोऽस्तुः सम्बत् ८०७ आश्विनिमासे कृष्णपक्ष ॥ अमावास्यांन्तिथौ सूर्य्यग्लास महापर्व्ववे[५५]रास[५६] ययमान श्रीमतत्कांन्तिपुरमहानगरे श्रीअशन आसोमण्डपस्थाने वंखा र येता छे अगरामयिन सोहस्तेन सोविर्द्यमानेन सोयंनिमिस्तेन थओत नामन जुगादिअर्ण्णदान गुथिस दुंफिस्यं श्राद्धगुथि दयकं क्षत्र दातव्यं अत परं देशभाखा थानस्य उत्रदिशं खशिबाहा क्षत्रनामसंज्ञकं जथाचतुराघातन दु बु[५५] रोव २ थुते बुया ब्रसानन दव[५५]थ्यं ब्रखंप्रति अगरामयि-

२. या परस अगरामयियात नामन श्राद्ध यायमार पेण्ड के कुड १ मतं के कुड १ धरी दुदु घेर कस्ति हाम्ल मधे दक्षना सकतान जाके कुड ३ गुरुबाहारजु ह्मं १ भपयकेमार जुगीनियात जाभु १ बियमाल जुगादिअर्ण्णदान कुह्नु ह्नपायाओ नापं श्री ३ धर्म्मधातुयात गुरुपात[५७] ग्वड ५ दोहोरपे-मार ، थ्वते हंङन प्रसेखन गुथिभारोपनिसेन भख्याभोजन यायमार जुरो थ्व ईर्त्त रोभ मतेओ रोभ याकारे गोहथ्या ब्रह्महथ्या गुरुहथ्या त्रीहथ्या व[५५]ारहथ्या एते पञ्चमहापा-

३. प राक जुरो रोप मयास्यं निस्त्रपं यकारे जोजमानस आयुआरोज्ञ ऐसुर्य्यजनधनलक्ष्मीसंततिसंतान-वृ[५५]द्धि लस्तु थुते भाखाया दृष्टसाक्षि श्रीश्रीश्रीजावत् चन्द्रार्क्कमेदनि थ्वया गुथि ह्नपाया अर्ण्णदान गुथिओ उं जुरो ॥[५८] शुभ ॥

(पछाडि बीचमा)

१. ᥫ भाखा अगरामयि म्वातोरे थ्व बुया छपेकया ब्रसा-
२. न यदु अगरामयिया परस नेपेकं गुथिया ॥

(पछाडि छेउमा)

१. ᥫ दान प-
२. त्र पति ॥

(पछाडि फरक हस्ताक्षरमा, मोटो टाँकामा)

खुसिबाहा

---

५५. यो व चुच्चे छ ।

५६. पहिले लेखिएको अक्षर मेटी त्यही ठाउँमा स लेखिएको छ ।

५७. पहिले लेखिएको अक्षरलाई त बनाइएको छ ।

५८. पहिले लेखिएको अक्षरलाई ॥ बनाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

नेे.सं. ८०७ (वि.सं. १७४४) आश्विनअमावास्या विशाखानक्षत्र सौभाग्ययोग बुधवार
सूर्य तुलाराशिमा र चन्द्र वृश्चिकराशिमा हुँदा सूर्यग्रहण लागेको दिन
नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १९०२/२



माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ᳲ स्वस्ति ॥ अद्यः श्वेतवालाहकर्प्पे वैवस्वतमन्वंतरे कलियुग प्रथमचलणे जाम्बुद्वीपे भरतखण्डे आर्य्यावत्त पुन्यस्थाने हिमवत्पादे पशुपतिसन्निधाने वाशुकिक्षेत्रे वागमत्यां दक्षिननकूरे नेपालदेशान्तर्ग्गतललितपन्ने इहैव पुन्यभूमौ ॥ श्रेयोऽस्तु ॥ सम्बत् ८०७ आश्विनिमासे कृष्णपक्षे ॥

२. अमावास्यान्तिथौ ॥ विशाषनक्षेत्रे ॥ सौभाज्ञयोगे ॥ यथाकलनमहुत्रके ॥ बुधवासरे ॥ तुरालाशिगते सवितरि ॥ विच्छलाशिगते चंद्रमशि ॥ एतत्मन्दिवसे श्री ३ सूर्य्यग्रासमहापर्व्वदि ॥ चाकलं नकबाहाल यंकुरि गृह ॥ शाक्यवंश श्रीरू[५९]पसिंहजु भात्तेपुत्र पूर्ण्णचंद्रजु थ्व दिवंगत नेह्मं अवाकायशन

३. निक्षपनं ताथा ॥ ष्वातविहालि ॥ वंथछें ननि वंता क्यंब पातारनामसंगेकं ॥ यथाचतुरघाटेण परिव्यस्थितं एतत्मध्ये ता क्यंब चलछि १ एते क्यंब श्री ३ आगमभट्टारकासके संप्रदत्तं

स्वदताम्परदताम्बा यो हरेत् शूरविप्रयो
षष्टिवर्षसहस्रानि विष्टायां जायते क्रीमि ॥

भाषा थ्व क्यंबया वरसानन श्रीआगम पूजरपं भष्याभो-

४. [६०] जन निस्त्रपं यञ्जमार थ्वया चिन्ता क्व गोष्ठि थ्व दह दायित जुरो ॥ लोभन दुतकसा पञ्चमाहापातक मयाकारे उत्तोत्र तरो ॥ दत्तपत्रार्थे साक्षि थ्व जजमानया दायित श्रीदेवजुस श्रीविजयसिंहजु उभय दृष्ट शुभ ॥

(पछाडि)

१. दा न

२. प त्र

---

५९. श्री र पको बीचमा डिकाभन्दा माथि पहिलो र दोस्रो पङ्क्तिको बीचको खाली ठाउँमा यस्तो x चिह्न र तिनै दुइ अक्षरको बीचमा तिनको खुट्टाभन्दा तल दोस्रो र तेस्रो पङ्क्तिको बीचको खाली ठाउँमा अर्को त्यस्तै चिह्न दिई माथि खाली ठाउँमा पहिलो पङ्क्तिको पुन्यको न्यको माथि अर्को त्यस्तै चिह्न दिई रू थपिएको छ। थपिएको त्यस अक्षरपछि फेरि अर्को त्यस्तै चिह्न दिइएको छ।

६०. तेस्रो पङ्क्तिको पातारनामसंगेकंको संको तलबाट चौथो पङ्क्ति उठाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

ने.सं. ८१७ (वि.सं. १७५४) चैत्रअमावास्या अश्विनीनक्षत्र प्रीतियोग नागकरण आदित्यवार सूर्यचन्द्र दुवै मेष राशिमा हुँदा सूर्यग्रहण लागेको दिन

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १०६८/१६

मूलपाठ

१. ⁅ स्वस्ति ॥ अद्य श्वेतवराहकल्पे वैवस्वतमत्वन्तरे ॥ कलियुगे प्रथमचरणे ॥ जम्बुद्वीपे भरतखण्डे ॥ आर्य्याव[६१]र्त्तदिशे ॥ हिमवद्दक्षिणपादे वाशुकीक्षेत्रे पशुपतिसन्निधाने वाग्मत्या दक्षिणकूले श्रीमत्नेपारान्तर्गते श्रीअमरा[६२]पुरीस्था-

२. ने इहैव[६१] पुण्यभूमौ ॥ श्रेयोऽस्तु ॥ सम्बत्सरे ८१७ चैत्रमासे कृष्णपक्षे अमाव[६१]स्यान्तिथौ ॥ अश्विनीनक्षत्रे ॥ प्रीतियोगे ॥ नागकरणे ॥ आदित्यवासरे ॥ मेषराशिगते सवितरि ॥ तदेव राशिगते चन्द्रमसि ॥ अस्मिन्दिने राहुग्रस्ते दिवाकरे सूर्य्य-

३. ग्रासमहापर्व्वणि ॥ दातृ श्रीनरेन्द्रदेवसंस्कारित बुंगदेश कोत्वार पाघरि लं वन्ता दुंदुगृह शाक्यवं[६३]श-श्रीधर्म्मजोतिजुनाम्ना स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपंनेन भूतेन द्विशतरजतमुद्रिकां ، मोहोर तंका नेश्ल २०० एतद्रज-

